नेपाल सरकार

शहरी विकास मन्त्रालय

**पदाधिकारी सिफारिश समितिको सचिवालय**

प्रथम पटक प्रकाशन मितिः२०७७।५।११

यस मन्त्रालय अन्तर्गत अधिकारसम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्ष पद खुला प्रतियोगिताबाट पूर्ति गर्नुपर्ने भएकोले "शहरी विकास मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको नियुक्ति तथा मनोनयनसम्वन्धी निर्देशिका, २०७६" बमोजिम देहायको योग्यता पूरा भएको व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र तोकिएबमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन निर्देशिकाको दफा १० बमोजिम यो सूचना प्रकाशन गरिएको छ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम पेश गर्न सकिनेछ ।

**१. आवश्यक योग्यताः**

मान्यताप्राप्त विश्विवद्यालयबाट विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र, मानवशास्त्र विषयमध्ये कुनै एक विषयमा स्नातक गरेको

**२. पारिश्रमिक तथा सुविधाहरुः**

नेपाल सरकारबाट तोकिएबमोजिम

**३. दरखास्त फारामसाथ संलग्न राख्नुपर्ने कागजातहरुः**

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख) व्यक्तिगत विवरण

ग) शैक्षिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि

घ) अनुभव खुल्ने कागजातहरुको प्रमाणित प्रतिलिपि

ङ) अधिकारसम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति सुधारको व्यवसायिक कार्य योजना (५ हजार शब्दमा नबढाई) को छुट्टै सिलबन्दी खाम ।

द्रष्टव्यः व्यवसायिक कार्य योजना प्रस्तुतीकरण र अन्तर्वार्ता हुने मिति, समय र स्थान उम्मेदवारको अन्तिम सूची प्रकाशन गर्दा तोकिने छ ।

नोटः दरखास्त फारामको ढाँचा वा अन्य आवश्यक जानकारी कर्मचारी प्रशासन शाखा, मोबाईल नं ९८५१०९९२३१ (कार्यालय समयभित्र) वा मन्त्रालयको वेभसाईट www.moud.gov.np बाट समेत डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।